**मिति :२०७४/११/२१ गतेको नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. आधारभूत तथा माध्यमिक शिक्षा संचालन कार्यविधि-२०७४ पारित तथा कार्यान्वयन सम्बन्धमा ।

२. नगरपालिकाको कृषि व्यवसाय प्रबर्धन विधेयक संबन्धमा ।

३. भंगेरे खोला खानेपानी सम्बन्धमा ।

४. धुम्रपान तथा मध्यपान विरुद्ध स्वास्थ्य चेतना सम्बन्धी विद्यालय स्तरीय कार्यक्रम सम्बन्धमा ।

५. योजना संशोधन संबन्धमा ।

६. नगर विकास नीति निर्माण तथा छलफल सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा आधारभूत तथा माध्यमिक शिक्षा संचालन कार्यविधि-२०७४ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा नगरपालिकाको स्थानिय कृषि व्यवसाय प्रबर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको नमूना कानूनको विधेयकलाई केही संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा उक्त भंगेरे खोला खानेपानीको लागि रु ३५,०००/-( अक्षेरुपी पैतिस हजार रुपैंया मात्र) Contingency बाट व्ययभार हुनेगरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा प्रत्येक वडाको एक/एक वटा मा.वि.मा उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमको लागि Contingency बाट व्ययभार हुने गरी रु ३,९५,०००/- रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस नगरपालिकाको नगर सभाद्धारा स्वीकृत उल्लेखित योजनाहरु तपशिल बमोजिम हुने गरी संशोधन गरिएको छ ।

१) क.सं. २७१ काउरे दलित विकास भोर्लेटार लाई काउरे दलित समूह भवन निर्माण (म.ने.न.पा.-६)

२) क.सं. २०७ तर्फको ढढुवा दुर्छा तमु संस्कृति संरक्षण नमूना गाँउ होमस्टे अन्तरगतको १४ लाखलाई गोरेटो बाटो निर्माण तथा ढल व्यवस्थापन तर्फ ११ लाख, गाम्रिण पर्यटन सिप विकास तर्फ २ लाख र होमस्टे अध्ययन अवलोकन भ्रमण तर्फ रु १ लाख हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

३) क.सं.४४ वि.पि. चोक भविष्य बोडिङ्ग हुँदै वन कार्यालय जोड्ने मोटर बाटो निर्माण लाई सुन्दरी मार्ग निर्माण उपभोक्त समिति (म.ने.न.पा-४)

४) क.सं.२६७ तमु समाज भवन निर्माण रम्घा दुईपिप्ले नगरस्तरीय कार्यक्रम लाई दुईपिप्ले तमु समाज बौद्ध गुम्बा निर्माण उपभोक्त समिति (म.ने.न.पा-४)

५) क.सं.६८ स्वामीभञ्ज्याङ्ग, चिसापानी मोटर बाटो निर्माण मध्यनेपाल न.पा.-५ अन्तरगत १० लाख विनियोजन भएको हुँदा उक्त सडक क्षेत्रीय सडकमा परेको हुदाँ उक्त योजनाको रकम तपशिल अनुसारको योजनाहरु शिर्षक अन्तरगत संशोधन गर्ने निर्णय गरियो ।

- पराजुली बेशी (टि.एफ) देखि छाब्दी मन्दिर सम्मको नयाँ मोटर बाटो निर्माण - रु ३ लाख
- खर्क ओख्ले हुँदै भोर्ले गाँउ जोड्ने मोटर मार्ग निर्माण - २ लाख
- खर्क सार्की चौतरा देखी थुम्की वस्ती सम्म मोटर मार्ग निर्माण - १ लाख
- समिभञ्ज्याङ्ग ठुन्के गरा देखी खर्क चितेपानी सम्मको मोटर बाटो मर्मत - १ लाख ५० हजार
- पात्ले पानी खानेपानी लिफ्टिङ्ग योजना - १ लाख ५० हजार
- नागभैरव स्थानमा रहेको पानी घैटो सम्पन्न गर्नको लागि - १ लाख

६) क.सं.७४ र ३०५ मध्ये बाट विनियोजित रकम लाई फलफूल तथा तरकारी खेती गर्नको लागि जम्मा रु ७ लाख हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा यस नगरपालिकाको समष्टिगत विकासको लागि दक्ष, विज्ञ, प्राविधिक तथा प्रशासनिक व्यत्तित्वहरु सँग आवश्यक छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।